नेपाल सरकार

शिक्षा तथा खेलकुद मन्त्रालय

# पाठ्यक्रम विकास केन्द्र

सानोठिमी, भक्तपुर

नेपालमा गुणस्तरीय विद्यालय शिक्षालाई विशेष प्राथमिकता दिने सन्दर्भमा विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ को विकास गरिएको थियो । यस प्रारूप निर्माण र कार्यान्वयन भइसकेपछि राष्ट्रिय शिक्षा नीति, २०७६ तथा विद्यालय शिक्षा क्षेत्र योजना २०७९-२०८८ विकास भई कार्यान्वयनमा रहेका, देशको परिवर्तित सन्दर्भ एवम् भविष्यउन्मुख सोचका साथै पाठ्यक्रम विकास केन्द्रलाई खोज, अनुसन्धान र नवप्रवर्तन केन्द्रका रूपमा विकसित गर्ने बहसले तीव्रता पाएको सन्दर्भमा राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्को मिति २०८३।०१।११ गतेको बैठकको सिफारिस शिक्षा तथा खेलकुद मन्त्रालयको मिति २०८३।०१।२२ गतेको माननीय मन्त्रीस्तरको निर्णयबमोजिम यस प्रारूपलाई समसामयिक परिमार्जन र अद्यावधिक गर्न लागिएको हो । यस सन्दर्भमा यस केन्द्रको वेबसाइट www.moecdc.gov.np मा रहेको रा.पा.प्रा. पृष्ठपोषण फाराम (विद्यालय शिक्षाको मार्गनिर्देशक नीतिगत दस्तावेज विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ पुनरवलोकनका लागि सार्वजनिक राय तथा प्रतिक्रिया फाराम) वा https://docs.google.com/forms/d/e/1FAIpQLSd1DBITfxi8Xe8QaXZlXmWYzckA3imFDbUwtZ__JY1tuLt9FQ/viewform मा प्राविधिक, शैक्षिक एवम् प्राज्ञिकलगायतका पक्षहरू समेटी मूल्यवान् सुझावहरू दिई सहयोग गरिदिनुहुन केन्द्र हार्दिक अनुरोध गर्छ ।